## शैक्षिक उन्नयन वर्ष घोषणा कार्यान्वयन कार्यवधि, २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालयको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार प्रयोग गरी बुढानीलकण्ठ नगरपालिकाको बैठकले **शैक्षिक उन्नयन वर्ष घोषणा कार्यान्वयन कार्यवधि, २०८० तयार गरी** लागु गरिएको छ ।

### परिच्छेद-१
### परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम बुढानीलकण्ठ नगरपालिका **शैक्षिक उन्नयन वर्ष घोषणा कार्यान्वयन कार्यवधि, २०८० रहेको छ ।**

(ख) यो कार्यविधि बुढानीलकण्ठ नगरपालिका क्षेत्रभित्र लागु हुने छ ।

(ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,**

(क) "ऐन" भन्नाले अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ सम्झनुपर्छ ।

(ख) "कार्यविधि" भन्नाले बुढानीलकण्ठ नगरपालिकाको शिक्षा व्यवस्थापन कार्यविधि, २०७५ सम्झनुपर्छ ।

(ग) "नगरपालिका" भन्नाले बुढानीलकण्ठ नगरपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ङ) "उपप्रमुख" भन्नाले बुढानीलकण्ठ नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बुढानीलकण्ठ नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(छ) "महाशाखा" भन्नाले बुढानीलकण्ठ नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद महाशाखालाई सम्झनुपर्छ ।

(ज) "महाशाखा प्रमुख" भन्नाले बू.न.पा. शिक्षा, युवा तथा खेलकुद महाशाखा प्रमुख सम्झनुपर्छ ।

(झ) "शिक्षा अधिकृत" भन्नाले बू.न.पा. शिक्षा, युवा तथा खेलकुद महाशाखामा कार्यरत शिक्षा अधिकृत सम्झनुपर्छ ।

(ञ) "स्रोतव्यक्ति" भन्नाले बू.न.पा. शिक्षा युवा तथा खेलकुद महाशाखामा कार्यरत स्रोतव्यक्ति सम्झनुपर्छ ।

(ट) "विद्यालय समन्वयकर्ता" भन्नाले बू.न.पा. शिक्षा, युवा तथा खेलकुद महाशाखाले आवश्यकता अनुसार नियुक्त गरी खटाएका विद्यालय समन्वयकर्ता सम्झनुपर्छ ।

(ठ) "प्रधानाध्यापक" भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापक पदमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

(ड) "शिक्षक " भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयको शिक्षक पदमा नियमानुसार नियुक्त भइ कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

(ढ) "शैक्षिक उन्नयन" भन्नाले नगरपालिकाले नगरपालिकाको विद्यालय तहको शिक्षामा सर्वसुलभ पहुँच, गुणस्तर, उत्कृष्टता, प्रतिष्पर्धा र नवप्रर्वतनशीलताका साथै अन्वेषणशीलता कायम गर्ने उद्देश्यले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार , विकास र परिवर्तन ल्याउनका लागि गरिएको सिर्जनशील शैक्षिक अभ्यासलाई बुझाउँछ । यसले विद्यार्थीको सिकाइ सुधार, शिक्षकको शिक्षण सुधार, विद्यालयको समग्र सुधार गरी

बुढानीलकण्ठ नगरपालिकाकालाई शैक्षिक हबको रुपमा विकास गर्ने कार्यलाई समेत जनाउँदछ ।

## परिच्छेद-२

### ३. शैक्षिक उन्नयन वर्ष घोषणा कार्यान्वयन कार्यवधि, २०८० को उद्देश्य

क. प्रत्येक विद्यालयको न्यूनतम् सिकाइ उपलब्धी ६० प्रतिशत कायम गर्ने

ख. नविनत्म तथा आधुनिक प्रविधिको प्रयोग गरी शिक्षकको पेसागत विकास गर्ने

ग. प्रत्येक विद्यालयमा सक्षमताको अवस्था विकास गर्ने ।

घ. बुढानीलकण्ठलाई शैक्षिक हबको रुपमा विकास गर्ने ।

ङ. शैक्षिक क्षेत्रमा सक्षमता र प्रतिष्पर्धाको विकास र प्रवर्धन गर्ने ।

च. शैक्षिक गुणस्तरमा अभिवृद्धि गरी मानव संसाधन विकास गर्ने ।

## परिच्छेद-३

### ४. शैक्षिक उन्नयन वर्ष घोषणा कार्यान्वयन विधि

क. विद्यालयमा सक्षमताको अवस्था सुनिश्चित गर्ने

ख. यस अन्तर्गत पिउनेपानी, दिवा खाजा, पुस्तकालय, सूचना प्रविधि तथा विज्ञान प्रयोगशाला र विद्यालय सौन्दर्यकरणको सुनिश्चितता गर्ने ।

ग. विद्यालयमा शिक्षक उपस्थिति सतप्रतिसत र विद्यार्थी उपस्थिति न्यूनतम् ९५ प्रतिशत सुनिश्चित गर्ने ।

घ. नियमित पठनपाठनको सुनिश्चितता गर्ने ।

ङ. भौतिक पठनपाठनको साथै वैकल्पिक पठनपाठन ( अनलाइन भर्च्युअल, रेडियो, टेलिभिजन ) को समेत प्रबन्ध गर्ने ।

च. सम्बन्धित विषयगत समितिको सबलीकरण गरी विषयगत समितिबाट उत्तम शिक्षण सिकाइ ढाँचाको विकास गरी कक्षाकोठामा कार्यान्वयन गर्ने ।

छ. कक्षाकोठा शिक्षण सिकाइ मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने ।

ज. विद्यालय ब्रान्डिङ गरी कार्यान्वयन गर्ने ।
सार्बजनिक सूचना आब्हान गरी विद्यालयले प्रस्ताब गरेको शीर्षकमा विद्यालय ब्रान्डिङ कार्यक्रमका लागि विद्यालय छनोट गरी सञ्चालन गर्ने ।

झ. शिक्षकको पेसागत क्षमता विकासका विद्यालय, शिक्षक र नगरपालिकाको साझेदारीमा एक शिक्षक एक ल्यापटप कार्यक्रम कार्यान्वयन गर्ने ।

ञ. प्रत्येक सामुदायिक विद्यालयमा एकजना अंग्रेजी मेन्टर र एकजना आयाको प्रबन्ध गर्ने ।

ट. प्रत्येक विषय, प्रत्येक कक्षा, प्रत्येक विद्यार्थी र प्रत्येक विद्यालयको न्यूनतम् सिकाइ उपलव्धी ६० प्रतिशत कायम गर्ने ।

ठ. विद्यार्थी मूल्यांकन पोर्टफोलियो, कक्षागत पाठ्यक्रम र शिक्षक डायरीको प्रबन्ध गरी विद्यालयको नियमित पठनापाठन र शिक्षक पेसागत जवाफदेहितामा अभिवृद्धि गर्ने ।

ड. सय प्रतिसत प्लस सिकाइ उपलव्धी हासिल गर्न सक्षम विद्यार्थी, शिक्षक र विद्यालयलाई विशेष प्रोत्साहन कोष खडा गरी पुरस्कृत गर्ने ।

ढ. नगर प्रमुख छात्रवृति कोषको सबलीकरण गरी विपन्न र जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृति प्रदान गर्ने ।

ण. नगर उपप्रमुख छात्रा सहयोग कार्यक्रम सञ्चालन गर्ने ।

त. नगर शिक्षक सम्मान कार्यक्रम आयोजना गर्ने ।

थ. शैक्षिक उपलव्धी अभिवृद्धि कार्यक्रम कार्यक्रम सञ्चालन गर्ने ।

## परिच्छेद-३

### ५. शैक्षिक उन्नयन वर्ष घोषणा कार्यान्वयन अन्तर्गत गरिने क्रियाकलापहरू

**(क) नगरपालिकाले गर्ने क्रियाकलापहरू :**

(१) विद्यालयमा पिउनेपानी, दिवा खाजा, पुस्तकालय, सूचना प्रविधि तथा विज्ञान प्रयोगशाला र विद्यालय सौन्दर्यकरणको सुनिश्चितता गर्ने ।

(२) सम्बन्धित विषयगत समितिको सबलीकरण गरी विषयगत समितिबाट उत्तम शिक्षण सिकाइ ढाँचाको विकास गरी कक्षाकोठामा कार्यान्वयन गर्ने ।

(३) कक्षाकोठा शिक्षण सिकाइ मापदण्ड निर्माण गरी कार्यान्वयन गर्ने ।

(४) विद्यालय ब्रान्डिङ गरी कार्यान्वयन गर्ने ।

(५) शिक्षकको पेसागत क्षमता विकासका विद्यालय, शिक्षक र नगरपालिकाको साझेदारीमा एक शिक्षक  एक ल्यापटप प्रदान गर्ने ।

(६) प्रत्येक सामुदायिक विद्यालयमा एकजना अंग्रेजी मेन्टर र एकजना आयाको प्रबन्ध गर्ने ।

(७) विद्यार्थी मूल्यांकन पोर्टफोलियो, कक्षागत पाठ्यक्रम र शिक्षक डायरीको प्रबन्ध गरी विद्यालयको नियमित पठनपाठन र शिक्षक पेसागत जवाफदेहितामा अभिवृद्धि गर्ने ।

(८) सय प्रतिसत सिकाइ उपलब्धी हासिल गर्न सक्षम विद्यार्थी, शिक्षक र विद्यालयलाई विशेष प्रोत्साहन कोष खडा गरी पुरस्कृत गर्ने ।

(९) नगर प्रमुख छात्रवृति कोषको सबलीकरण गरी विपन्न र जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृति प्रदान गर्ने ।

(१०) नगर उपप्रमुख छात्रा सहयोग कार्यक्रम सञ्चालन गर्ने ।

(११) नगर शिक्षक सम्मान कार्यक्रम आयोजना गर्ने ।

**(ख) विद्यालयले सञ्चालन गर्ने क्रियाकलापहरू :**

(१) समय परिपालना र थप समय व्यवस्थापन गर्ने

(२) विद्यालयमा नियमित न्यूनतम् ६ घण्टा शिक्षण सिकाइ सञ्चालन हुनु पर्ने,

(३) प्रधानाध्यापकले विद्यालयमा प्रत्येक दिन न्यूनतम् ७ घण्टा शिक्षण सिकाइ कार्यमा नेतृत्व प्रदान गर्ने,

(४) शिक्षकले विद्यालयमा प्रत्येक दिन न्यूनतम् ६.३० घण्टा शिक्षण सिकाइ कार्य सम्पादन गर्ने,

(५) प्रत्येक विद्यार्थीले न्यूनतम् ६.१५ घण्टा विद्यालयको शिक्षण सिकाइमा संलग्न हुनु पर्ने,

(६) प्रत्येक कक्षा सञ्चालन अवधिको रेकर्ड विद्यार्थी प्रतिनिधिबाट राख्ने व्यवस्था गर्ने,

(७) प्रत्येक शिक्षकले शिक्षण सुधार, विकास र नवप्रर्वतन योजना निर्माण गरी कार्यान्वयन गर्ने,

(८) कक्षागत रुपमा विद्यार्थी सिकाइको वर्तमान स्थिति र शैक्षिक सत्र २०८० को लक्ष्य निर्धारण गरी सार्बजनिक गर्ने,

(९) अभिभावकले कम्तिमा महिनामा एकपटक आफ्ना बालबालिकाहरूको शिक्षण सिकाइको प्रगति सम्बन्धमा कक्षा/विषय

(१०) शिक्षकसँग अन्तरक्रिया गर्ने,

(११) नगर शिक्षा महाशाखाको स्वीकृती वेगर आफू कार्यरत विद्यालय भन्दा बाहिर कार्य नगर्ने,

(१२) नगरपालिकाको स्वीकृतीवेगर प्रधानाध्यापक विद्यालय सञ्चालन समयमा बाहिर रहन नहुने,

(१३) शिक्षक विद्यार्थी शून्य अनुपस्थिति अभियान सञ्चालन गर्ने,

(१४) विषयगत रुपमा उत्कृष्ट शिक्षण अभ्यासहरूको अनुभव आदान प्रदान गर्ने ।

(ग) **शैक्षिक क्यालेण्डरको पूर्ण कार्यान्वयन गर्ने** :

(१) नगरपालिकाले निर्माण गरी कार्यान्वयनमा ल्याएको क्यालेण्डरको पूर्ण कार्यान्वयन गर्ने

(२) साप्ताहिक रुपमा शैक्षिक क्यालेण्डरको कार्यान्वयन स्थितिको समिक्षा गर्ने ।

(३) शिक्षण सिकाइमा स्थलगत भ्रमण तथा परियोजना कार्य विधिलाई अबलम्बन गर्ने ।

(४) जनप्रतिनिधि र विद्यार्थीबिच अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने ।

(५) पाठ्यक्रममा आधारित शिक्षण सिकाइ अबलम्बन गर्ने । बुक फ्रि कलास सञ्चालन गरी उक्त कक्षामा जीवनपयोगी सीप, बिनयशील र आत्मसंयम शिक्षा, चरित्र निर्माण, राष्ट्रप्रेम तथा माटोको माया शिक्षा, प्रतिभा विकास तथा स्वालम्बन शिक्षा आदि सञ्चालन गर्ने ।

(६) शिक्षण सिकाइमा नवप्रर्वतन ल्याउने थप क्रियाकलापहरू विद्यालयले निर्माण गरी कार्यान्वयन गर्ने ।

(घ) **विद्यार्थी सहायता र नियमित पृष्ठपोषण प्रदान गर्ने :**

(१) विद्यार्थीको सिकाइ स्तर पहिचान गरी सो अनुसार विद्यार्थीको वर्गीकरण गरेर विशेष सहायता आवश्यक पर्ने विद्यार्थीका लागि उपचारात्मक शिक्षण गर्ने,

(२) विद्यार्थी विद्यार्थी बीचको शैक्षिक उपलब्धीको असमानता न्यूनीकरण गर्ने । यसका लागि जोडी सिकाइ, समूह सिकाइ तथा वहिनीका लागि दिदी, भाईका लागि दाई जस्ता सिकाइ सहयोगी शिक्षण सिकाइ ढाँचाको निर्माण गरी कार्यान्वयन गर्ने,

(३) विषयगत तथा कक्षा शिक्षकको सहजीकरणमा प्रत्येक विद्यार्थीको सिकाइ सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

(ङ) **सिकाइ सुनिश्चितता कार्यक्रम सञ्चालन गर्ने** :

(१) विद्यार्थीले कक्षा शिक्षकको सहयोगमा आफ्नो सिकाइको दैनिक रुपमा समीक्षा गर्ने,

(२) कक्षागत र विषयगत शिक्षकले आफ्नो एकाइ योजनाको साप्ताहिक रुपमा प्रगतिको समिक्षा गर्ने,

(३) प्रधानाध्यापकले प्रत्येक शिक्षकको कक्षा अवलोकन गर्ने र पाक्षिक रुपमा कक्षागत र मासिक रुपमा विषयगत शिक्षण सिकाइको प्रगतिको समिक्षा गर्ने,

(४) विद्यालय व्यवस्थापन समितिले मासिक रुपमा विद्यालयको शिक्षण सिकाइको स्थिति समिक्षा गराई प्रधानाध्यापक र शिक्षकलाई पृष्ठपोषण प्रदान गर्ने,

(५) शिक्षक अभिभावक संघले त्रैमासिक रुपमा विद्यालयमा शिक्षण सिकाइको स्थिति परीक्षण गरी प्रतिवेदन सार्बजनिक गर्ने,

(६) वडा कार्यालयले चैमासिक रुपमा विद्यालयको शैक्षिक व्यवस्थापनको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

(७) प्रधानाध्यापकले त्रैमासिक रुपमा विद्यालयको शिक्षण सिकाइको प्रतिवेदन प्रकाशन गर्ने,

(८) विद्यार्थी शिक्षण सिकाइ सन्तुष्टिको जाँचपडताल गर्ने,

(९) प्रत्येक विषय, प्रत्येक कक्षा, प्रत्येक विद्यार्थी र प्रत्येक विद्यालयको न्यूनतम् सिकाइ उपलव्धी ६० प्रतिसत कायम गर्ने,

(१०) विभिन्न परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीहरूको उत्तरपुस्तिका सेयरिङ गर्ने,

(११) नगरपालिकाले आगामी फागुन तेस्रो हप्तादेखि चैत्र पहिलो हप्ता भित्र विद्यालयगत रुपमा शिक्षण सिकाइको परीक्षण अभियान सञ्चालन गर्ने । तोकिएको मापदण्डको आधारमा विद्यालयले शिक्षण सिकाइको परीक्षणमा प्राप्त

(१२) गरेको अंकका आधारमा पुरस्कृत गर्न र न्यूनतम् अंक प्राप्त नगर्ने विद्यालयलाई प्रोत्साहनबाट बञ्चित गरी सचेत गराउने ।

## परिच्छेद-४
## विविध

६. शैक्षिक उन्नयन वर्षको कार्यान्वयनका लागि आवश्यक बजेटको अपर्याप्तता हुन दिइने छैन । यस घोषणालाई नगर गौरबको आयोजनाका रुपमा आत्मसात गरी आवश्यक बजेट रकमान्तर तथा विभिन्न संघसंस्थाहरूसँगको साझेदारीबाट जुटाइनेछ ।

७. शैक्षिक उन्नयन वर्ष घोषणा कार्यान्वयन विधि कार्यान्वयनमा कुनै व्यवधान सिर्जना हुन आएमा नगर शिक्षा समितिको बैठकको निर्णयबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

**प्रमाणिकरण मिति : २०८०।५।१३**

**आज्ञाले,**
**तुल्सीराम अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**